नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १०५ २०८२ साल मंसिर ५ गते शुक्रबार (21 Nov 2025 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : 'हाइब्रिड' ले निम्तिद ... ३ पृष्ठमा : जेनजी आन्दोलन र ... ३ पृष्ठमा : अफगानिस्तानमा डेङ्गुको ...

# सार्वभौमसत्तामाथि खतरा : राप्रपा अध्यक्ष लिङ्गदेन



**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्गदेनले देशले निकास पाउन नसके सार्वभौमसत्ता माथि नै खतरा उत्पन्न हुने बताएका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिका १२ अर्नाहामा बिहीवार राष्ट्रिय प्रजातन्त्र पार्टी क्षेत्र नं. ३ को प्रथम क्षेत्रीय अधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्गदेनले देश अहिले असामान्य अवस्थामा पुगेको भन्दै देश जोगाउन सबै शक्ति मिलेर अघि बढनुपर्नेमा जोड समेत दिए । देश अहिले सामान्य अवस्थामा नरहेकोले सबै शक्ति राजनैतिक आग्रह पुर्वाग्रह भन्दा माथि उठेर निकास दिनुपर्ने अवस्था आएको उनको भनाइ छ ।

देश संकटपूर्ण अवस्थामा रहेकोले सबै राजनीतिक शक्ति सहकार्य गरेर मात्र अहिले अवस्थाबाट पार लाग्ने दावी गर्दै उनले सरकारले सर्वपक्षीय सम्मेलन बोलाएर सबैको सहमतिमा मौलिक व्यवस्थामा जानुपर्ने धारणा राखे ।

देश संकटमा परेको बेला मधेश प्रदेशमा देखिएको छिनाझप्टीले प्रदेशको औचित्य समाप्त भईसकेको भन्दै उनले प्रदेश खारेज गरेर नयाँ व्यवस्था सहित अगाडी बढ्नुपर्नेमा जोड दिए ।

"यो व्यवस्थाले पार लाग्दैन" उनले भने, अव प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, अभिभावको रुपमा राजा र राजा सहितको हिन्दू राष्ट्र कायम गर्नुपर्ने उनको भनाई थियो ।

भदौ २३ र २४ गतेको आन्दोलनमा संसद भवन, सिंहदरवार, सर्वोच्च अदालतदेखि प्रधानमन्त्री र राष्ट्रपति कार्यालयसम्म जल्नुको कारण पछाडि विदेशीको पनि हात रहेको दावीका साथ उनले यसतर्फ पनि सबै सचेत हुनुपर्नेमा जोड दिएका थिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर साहको अध्यक्षतामा आयोजित कार्यक्रममा महामन्त्री प्रहलाद प्रसाद साह, मधेश प्रदेश अध्यक्ष भरत गिरी र प्रदेश समिति सदस्य विनोद पाण्डे, क्षेत्रीय अध्यक्ष नारायण मिश्रा लगायतले पनि बोल्दै राजा सहित हिन्दू राष्ट्र स्थापनाका लागि अगामी निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीलाई अत्याधिक मतले विजय बनाउनु अपिल गरेका थिए ।

सो अवसरमा विभिन्न पार्टी परित्याग गरी राप्रपामा प्रवेश गरेका नव प्रवेशीहरुलाई प्रमुख अतिथि लिङ्गदेनले फूल माला र अबिर लगाई स्वागत गरेका थिए । क्षेत्रीय अधिवेशनले रामकुमार यादवको नेतृत्वमा क्षेत्र नं. ३ को नयाँ कार्यसमिति सर्वसम्मितले चयन गरेको छ ।

# यटुवर बिक्कि सिंह पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले युटुबर बिक्कि सिंह भन्ने प्रहलाद सिंहलाई पक्राउ गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी ४ घर भई हाल राजविराज ३ बस्ने ३० वर्षिय विक्की सिंहलाई प्रहरीले अभद्र व्यवहार मुद्दामा बुधबार राजविराज २ बाट पक्राउ गरेको जनाएको छ ।

सो मुद्दामा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट बिहीबार ५ दिनको म्याद थप गराई अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार युटुवर सिंहले २०८२ साल असोज २६ गते राजविराज १ कुशेश्वर यादवमाथी गाई चोरेको आरोप लगाउँदै १० हजार रुपैया माग्दा रुपैया दिन नमान्दा



विक्की सिंह भन्ने प्रहलाद सिंहले गाली गलौज तथा कुटपिट गरि घाइते बनाएका थिए । यादवले गाईलाई गर्भ राख्नको लागि साढे खोज्न घरबाट निस्केको तथा राजविराज २ स्थित राजदेवी मन्दिरको अगाडी "म पत्रकार विक्की सिंह" हु भनि कुटपिट गरि घाइते बनाएको प्रहरीले जनाएको छ ।

# माग पुरा गर्न नसके तत्काल प्रधानमन्त्रीलाई फिर्ता बोलाउन जेनजी समूहको माग

**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**

विभिन्न २३ वटा जेनजी समूहहरूले राष्ट्रपति रामचन्द्र पौडेललाई बिहीबार ज्ञापनपत्र बुझाएका छन् ।

राष्ट्रपति पौडेललाई बुझाएको ज्ञापनपत्रमा वर्तमान सुशीला कार्की नेतृत्वको सरकारबाट प्रत्यक्ष जननिर्वाचित प्रधानमन्त्रीका लागि संविधान संशोधन र ठुला भ्रष्टाचार प्रकरणमा संलग्नलाई कारबाहीलगायतका अपेक्षा गरिए पनि सरकार चुनावमा मात्र केन्द्रीत भएको गुनासो छ ।

उनीहरुले जेनजी विद्रोहको जगमा बनेको सरकारले केवल चुनाव मात्रै गराउने कुरा स्वीकार्य नहुने भन्दै दिशाहीन बनेको सरकारले आफ्ना माग पुरा गर्न नसके तत्काल प्रधानमन्त्रीलाई फिर्ता बोलाउन समेत माग गरेका छन् ।

'यो विद्रोह र शहादत केवल अर्ली इलेक्सनका लागि मात्रै भएको थिएन', राष्ट्रपति पौडेललाई बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'विद्रोहमा संलग्न जेनजीका २३ एलाइन्स, घाइते र सहिद परिवारका माग यो सरकारले तत्काल सम्बोधन गर्नुपर्छ ।'

राष्ट्रपति पौडेललाई ज्ञापनपत्र बुझाउनेमा जेनजी नेशनल फ्रन्ट लाइनर,जेनजी स्पार्क,एनटेक जेनजी, ऋणी एसोसिएसन,जेनजी वाई युनाइटेडलगायत रहेका छन् ।

# अनलाइन ठगीबाट जोगिन प्रहरीद्वारा सात बुँदे अनुरोध

काठमाडौँ, ४ मङ्सिर (रासस) ।

पछिल्लो समयमा अनलाइनबाट ठगी हुने क्रम बढेको भन्दै नेपाल प्रहरीले त्यसबाट जोगिन सात बुँदे अनुरोध जारी गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँले एक सार्वजनिक सूचना जारी गरेर अनलाइन ठगीबाट जोगिन सात बुँदे अनुरोध जारी गरेको हो ।

परिसरका प्रवक्ता पवनकुमार भट्टराईले नागरिक प्रलोभनमा परेर रकम ठगीमा पर्ने गरेका दैनिकजसो घटना आइरहेकाले सचेतनाका लागि सूचना जारी गरिएको बताउनुभयो । उहाँका अनुसार सामाजिक सञ्जाल फेसबुक, इमो, ह्वाटस्एप, भाइबर, इन्स्ट्राग्रामलगायत माध्यामबाट 'तपाईंलाई चिठ्ठा परेको छ, उक्त रकम प्राप्त गर्न केही रकम (राजस्व) तिर्नुपर्छ' भनी रकम पठाउन लगाउँदै ठगी गर्नसक्ने भएकाले त्यसतर्फ सचेत हुन अनुरोध गरिएको छ ।

सार्वजनिक सूचनामा अनलाइनबाट सामान खरिद गरी रकम भुक्तानी तिर्दा आधिकारिक बिक्रेता यकीन गरी मात्र तिर्न र नगद दिँदा पनि सुरक्षित हुन अनुरोध गरिएको छ । प्रवक्ता भट्टराईले भन्नुभयो, "अपरिचित व्यक्ति वा नम्बरबाट श्रव्यदृश्य सन्देश (भिडियोकल) गरी उक्त कल रेकर्ड गरेर भिडियोलाई अश्लिल बनाएर 'ब्ल्याकमेल' गर्ने र पैसा माग्ने जोखिम बढेकाले, त्यसतर्फ पनि सावधान हुनुस् ।"

उहाँका अनुसार आफ्ना साथीभाइहरू तथा आफन्तले विभिन्न सामाजिक सञ्जालबाट समस्या देखाइ आर्थिक सहयोग मागेमा प्रत्यक्ष सम्पर्क गरी यकीन गरेर मात्रै सहयोग गर्न अनुरोध गरिएको छ । उक्त समयमा खाता 'ह्याक' हुनसक्ने भएकाले सचेत हुनुपर्ने जरुरी रहेको उहाँले बताउनुभयो ।

सामाजिक सञ्जाल तथा अन्य अनलाइन माध्याममा सस्तो दरमा सामान देखाएर अग्रिम (एड्भान्स) रकम पठाउन लगाई ठगी हुनसक्ने भएकाले पनि त्यसतर्फ ख्याल गर्न सूचनामार्फत अनुरोध गरिएको छ ।

त्यस्तै अपरिचित वा नयाँ सामाजिक सञ्जालका कुनै पनि 'लिङ्क' नखोल्न अनुरोध गर्दै प्रहरीले आफ्नो 'ओटिपी कोड' अरुलाई नदिन, आफ्नो मोबाइलको 'स्क्रिन' कसैलाई नदिन, सामाजिक सञ्जालमा आफ्ना महत्त्वपूर्ण जानकारी नराख्न, आफ्नो 'पासवर्ड'लगायत नीजि विवरण साथीभाइ वा नजिकैका आफन्तलाई पनि नदिन अनुरोध गरेको छ ।

**वातावरण स्वच्छ राखौं ।**

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरुवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वन र जलको उपयोग गरौं

हाम्रो देशमा अहिले हरियो वन मासिदै गएको छ। यो मासिनेमा वन माफियाको ठूलो हात रहेको छ। वन मासिदै जाँदा पनि सरकार अझ गम्भिर बन्न सकिरहेको छैन्। अधिकांश क्षेत्र वनजंगलले ढाकिएको नेपालमा उचित साधनश्रोतको अभावमा वन त्यत्तिकै मासिदै गएको छ भने जल त्यतीकै खेर गइरहेको छ।

यता नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन्, खेतीयोग्य हरिया खेतवारी खडेरीको रुपमा परिणत भइरहेको छ। नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने सामर्थ रहेपनि वर्षायाममा सिँचाईको अभाव हुने गरेको छ। खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन। नहर छ, तर व्यवस्थित छैन।

तसर्थ यसप्रति तीनै तहका सरकार गम्भिर हुनु आवश्यक छ भने जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस गम्भिर विषयलाई मुलुकका सम्पूर्ण राजनीतिक दल समेतले खबरदारी गर्नु उत्तिकै आवश्यक छ।

### क्षमाप्रार्थी

यस दैनिकको वर्ष ३५, मिति २०८२ साल मंसिर २ गते, अंक १०२ मा प्रकाशित "१२ वर्षिय प्रतिक्षा हराइरहेको बेला अचानक फेसबुकमा तस्विर सार्वजनिक भएपछी परिवारजन चकित" शिक्षकको समाचार सम्पादन गर्ने क्रममा त्रुटिबस १२ बर्षीय नवालिकाको नाम र तस्वीर प्रकाशन/अनलाईन पोर्टल तथा फेसबुक पेजमा समेत पोष्ट हुन गएकोमा त्यसप्रति हामी क्षमाप्रार्थी छौं। राजविराज दैनिक पत्रिका विश्वसनीयताको गरिमा कामय राख्दै पत्रकार आचारसंहिता प्रति पुर्ण प्रतिवद्ध रहेको जनाउँदै यस्ता किसिमका त्रुटि आगामी दिनमा नहुने प्रति हामी सचेत रहने छौं। -सम्पादक

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'हाइब्रिड' ले निम्तिदै छ संकट

**जनार्दन घिमिरे**

गुल्मी, ४ मङ्सिर (रासस)।

इस्मा गाउँपालिका-६ स्थित घिमिरे कृषि तथा पशुपक्षी फर्मले गतवर्ष पाँच टन अरूण-२ जातको मकैको बीउ उत्पादन गऱ्यो। किसानले भारतीय उन्नत जातको (हाइब्रिड) बीउ रोप्न थालेपछि २५ क्वीन्टल बीउ बिकेन। बीउ बिक्री गरी मनग्गे कमाउने सोचेका फर्म सञ्चालक कृष्ण घिमिरे अब बीउ उत्पादन गर्ने कि नगर्ने भन्ने दोधारमा हुनुहुन्छ।

"किसानलाई स्थानीय माटोमा उत्पादन भएको मकैको बीउ उपलब्ध गराउने उद्देश्यले बीउ उत्पादनमा लागेको थिएँ, तर अहिले किसानले हाइब्रिड बीउमा पल्केर स्थानीय जातको मकैको बीउमा रूचि राख्दैनन्", घिमिरेले भन्नुभयो, "नबिकेको बीउ खाद्यान्नको लागि सस्तो मूल्यमा बेच्न बाध्य भएँ।" उहाँले गाउँका रैथाने उन्नत बीउ मासिएपछि कुनै कारण आयातित बीउ रोकिए खेतबारी बाँझो रहने चिन्ता व्यक्त गर्नुभयो।

मदाने गाउँपालिका-६ स्थित पुर्कोट उद्यम कृषि सहकारी संस्थाले मनकामना-३ र देउती मकैको बीउ उत्पादन गर्दै आएको छ। यो वर्ष सहकारीले मनकामना-३ र देउती जातको मकैको ४० क्विन्टल बीउ बिक्री गर्न सकेन। सहकारी संस्था अध्यक्ष लोकहरी कुवँर भन्नुहुन्छ, "भारतीय हाइब्रिड बीउले रैथाने जातको बीउ किसानले किन्न छाडेपछि बीउ बिक्न छाड्यो। बीउ बिक्री नहुँदा चार लाख घाटा लाग्यो।"

विभिन्न सहकारी संस्थाको तथ्याङ्कअनुसार गुल्मीमा ६५ क्विन्टल बीउले बजार पाएन्। यहाँ अरुण-२, मनकामना-३ र देउती मकैको बीउ उत्पादन हुँदै आएको छ। धेरै उत्पादन हुने लोभमा किसानले हाइब्रिड बीउ रोप्न थालेपछि रैथाने बीउ सङ्कटमा परेको छ। केही वर्ष अघिसम्म स्थानीय जातको मकैको बीउ खोज्ने किसानको अहिले हाइब्रिड बीउमा रूचि छ। पछिल्लो समय स्थानीय तहहरूले किसानलाई रैथाने र उन्नत जातका असल बीउ खोजेर रोप्न प्रोत्साहन गरिरहेका छन्। पहिले पहिले गाउँघरमा घैटामा, धन्सारमा खरानीभित्र जोगाएर बीउ राख्ने चलन थियो। बीउ जोगाउने पहिलेको चलन अहिले हराएको छ। अहिले हाइब्रिड बीउबाट उत्पादन भएको खाद्यान्न बीउको रूपमा राख्न नसकिने किसानको भनाइ छ।

सत्यवती गाउँपालिकाका कृषि अधिकृत उपकार भण्डारीका अनुसार गाउँपालिकाले धान, मकैको उन्नत बीउ र चार प्रकारका कोदो, फापर र जुनेलोलगायतका रैथाने बालीका बीउ निःशुल्क वितरण गरिरहेको छ। पहाडी बाली अनुसन्धान केन्द्रबाट मूल बीउ ल्याएर किसानलाई मौसमअनुसार वितरण गर्ने गरिएको छ। रैथाने बाली कम फल्ने र ढल्ने भएका कारण किसान हाइब्रिडतिर आकर्षित भएको कृषि शाखा प्रमुख भण्डारी बताउनुहुन्छ। बालीरोग विशेषज्ञ प्रकाश मरासिनीको भनाइमा हाइब्रिड बीउ धेरै फले पनि स्वादका हिसाबले खान मीठो हुँदैन। हाइब्रिडमा नयाँ रोग आउँछन्। धानमा पोके र मकैमा ओइलाउने, कुहिने र जलवायुको जोखिम रहेको छ। उहाँले सरकारी निकायले उन्नत बीउ पर्याप्त दिन नसकेका कारण हाइब्रिड धेरै मात्रामा भित्रिएको बताउनुभयो। उहाँ सरकारी निकायबाट हाइब्रिड बीउलाई प्रोत्साहन गर्न नहुने बताउनुहुन्छ।

व्यापारीले हाइब्रिड बीउलाई प्रोत्साहन गरिरहेका छन् तर सरकारी निकायले नियन्त्रण गर्न ध्यान दिइरहेका छैनन्। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानेले रैथाने बाली प्रवर्द्धनअन्तर्गत धुर्कोट र इस्मामा काम गरेको र यान्त्रीकरणमा सहयोग गरेको बताउनुभयो। चैतमा रोपेको मकै साउन महिनाको अन्तिममा पाक्ने गर्छ। गुल्मीमा २२ हजार ४१८ हेक्टर क्षेत्रफलमा मकैखेती हुने गरेको छ। वर्षे मकै २० हजार ५१३ र बसन्ते एक हजार ९०५ हेक्टर क्षेत्रफलमा लगाउने गरिएको छ। जिल्लामा वर्षे मकै ७१ हजार २०५ मेट्रिकटन र बसन्ते मकै पाँच हजार ९६७ मेट्रिकटन उत्पादन हुने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ। पछिल्लो समय किसानले उन्नत जातको मकैलाई प्राथमिकता दिन थालेका छन्। गुल्मीमा सबैभन्दा बढी क्षेत्रफलमा मकै लगाउने वर्षाको समयमा हो। उन्नततर्फ अरुण-२, मनकामना-३ र देउती जातको मकै धेरै लगाइन्छ। यो जिल्लामै उत्पादन हुने मकै हो। कृषि ज्ञान केन्द्रका अधिकारीका अनुसार करिब ७० प्रतिशत किसानले हाइब्रिड जात अर्थात सिपी र जेके मकै धेरै लगाउने गरेका छन्। किसानले धेरै उत्पादन गर्ने उद्देश्यले हाइब्रिड मकै लगाउन गरेका छन्।

**खाद्य सङ्कटको जोखिम**

उच्च पहाडी क्षेत्रमा कृषि उत्पादन कम हुने र मौसम परिवर्तनको असर बढी पर्ने भएकाले खाद्य सुरक्षा समस्या हुने गरेको छ। मौसमको उतारचढाव, बाढी र सुख्खाजस्ता प्राकृतिक प्रकोपले खेतीको उत्पादनलाई प्रभावित पार्ने भएकाले खाद्य सङ्कट निम्त्याउने जोखिम छ। अहिलेकै अवस्थामा कृषि ज्ञान केन्द्र गुल्मीको तथ्याङ्क हेर्दा मध्य साउनसम्म कतिपय फाँटहमा रोपाइँ हुन सकेन। यसले गर्दा किसानको बीउ बुढो भएकाले स्वभाविक रूपमा कम धान फल्ने आँकलन कृषि ज्ञान केन्द्र गुल्मीले गरेको छ। गुल्मीका धेरै गाउँमा उच्च गरिबी र सीमित स्रोतका कारण पोषणयुक्त खानेकुराको अभाव छ। बिहान बेलुकाको छाक टार्न समस्या नभए पनि सन्तुलित रूपमा खाना खाने परिवारको सङ्ख्या कम रहेको छ। पोषणयुक्त खाना नपाएमा बालबालिका र वृद्धहरूको स्वास्थ्यमा असर पुऱ्याउने गर्दछ। कृषि उत्पादनबाट प्राप्त हुने आहारले सामान्यतयाः प्रोटिन र अन्य पोषणका आवश्यक तत्व पुऱ्याउन नसक्ने भएकाले थप आहार व्यवस्थापन गर्न गरिब परिवारमा समस्या रहेको छ।

गुल्मी जिल्लाका सबै गाउँमा बाह्रैमास सडक सञ्चालनको सम्भावना छैन। वर्षात्को बेला लामो समय सडक अवरुद्ध हुँदा बजारबाट गाउँसम्म खाद्य आपूर्ति ढिला पुग्ने वा महँगो हुने समस्याले खाद्य सुरक्षा सङ्कट देखिने गरेको छ। विसं २०७६ मा सत्यवती गाउँपालिका-२, ३ र ४ मा गएको भिषण पहिरोका कारण बन्द भएका सडकका कारण पहिरो प्रभावित क्षेत्रमा झण्डै खाद्य सङ्कट निम्तिएको थियो। विस्थापित ३०० परिवारलाई नेपाली सेनाको हेलिकप्टरमार्फत खाद्य व्यवस्थापनको काम गरिएको थियो।

मालिका गाउँपालिका- १, २ र ३ जिल्लाका विकट गाउँ हुन्। वर्षात्मा गाडी नियमित सञ्चालन हुने सम्भावना छैन्। यसले गर्दा प्रत्येक सामग्रीमा पाँचदेखि १५ प्रतिशतसम्म मूल्य वृद्धि गरेर व्यवसायीले सामान बिक्री गर्ने गरेको स्थानीय अगुवा रवीन्द्र विश्वकर्माले बताउनुभयो। व्यक्तिका व्यावसायिक पसलबाट बिक्री वितरण हुने खाद्य सामग्रीलाई जिल्लामा केही सहकारीले सुपथ मूल्य पसल सञ्चालन गरेर सहजीकरण पनि गर्दै आएका छन्। जिल्लामा दुई वर्षदेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खाद्यान्न बिक्री वितरणको काम गर्दै आएको छ। जिल्लामा सदरमुकाम तम्घास र बाहिर मालिका, रुरुक्षेत्र र मदानेमा कम्पनीले डिपो स्थापना गरेको छ। अहिलेसम्म रु दुई करोडभन्दा बढीको खाद्यान्न बिक्री गरेको शाखाले जनाएको छ। तम्घासमा २०८० पुस १ गते यस कम्पनीको शाखा स्थापनासँगै तीन स्थानमा खरिदबिक्री केन्द्रसमेत सञ्चालन गरिएको थियो।

जनतालाई सहज र सुलभ तरिकाले खाद्य सामग्रीको आपूर्ति गर्ने उद्देश्यसहित शाखाको स्थापना भएको थियो। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका शाखा प्रमुख लक्ष्मी भण्डारीका अनुसार लुम्बिनी प्रादेशिक कार्यालय भैरहवाबाट एक हजार ९७६ क्विन्टल चामल ल्याइएको थियो। गुल्मीमा कृषि र पशुपालनबाट समृद्धिको आशा जाग्न थालेको छ। पहाडी जिल्लामा ठूला उद्योग कलकारखाना नभएका कारण कृषि र पर्यटन नै समृद्धिका मुख्य आधार हुन्। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्षमा रु साढे चार अर्बको पशु र सवा अर्ब बराबरको कृषिजन्य उत्पादन भएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको तथ्याङ्कअनुसार आव २०८१/८२ मा मासु, दूध र अण्डा गरेर रु चार अर्ब ५९ करोड २९ लाख चार हजारको पशुजन्य उत्पादन भएको छ। त्यसमध्ये रु एक अर्ब ८४ करोड ३८ लाख १५ हजारको दूध मात्रै उत्पादन भएको केन्द्रका प्रमुख हुमकान्त पाण्डेयले जानकारी दिनुभयो।

**दूध र माछा मासुको उत्पादन अवस्था**

गतवर्षको तुलनामा यो वर्ष जिल्लामा २.५१ प्रतिशत दूध उत्पादन वृद्धि भएको छ। अहिले जिल्ला बाहिर प्रत्येक दिन एक हजार ५०० लिटर दूध निर्यात हुने गरेको छ। सत्यवती, रुरु क्षेत्रका फर्महरूबाट बढी दूध बिक्री हुने गर्दछ। गुल्मीमा राँगो, खसी बोका, कुखुरा, सुङ्गुर र बङ्गुर तथा भैँडाको रु दुई अर्ब ५८ लाख २३ लाख चार हजार बराबरको मासु उत्पादन हुने गरेको पाण्डेयले बताउनुभयो। त्यस्तै जिल्लामा रु १९ करोड ४१ लाख ७५ हजारबराबरको अण्डा उत्पादन हुने गरेको उहाँले बताउनुभयो।

त्यस्तै जिल्लामा रु एक अर्ब १५ करोड ७२ लाख ६० बराबरको कृषि उपज उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिनुभयो। तरकारीको लागि छत्रकोट, सत्यवती र रुरु क्षेत्र गाउँपालिका अब्बल छन्। त्यस्तै सुन्तला पनि जिल्लामा राम्रो उत्पादन देखिएको छ। जिल्लामा उत्पादन हुने रु २७ करोड २३ लाख ४६ हजारको सुन्तलामध्ये रु १५ करोड ९२ लाखको सुन्तला जिल्ला बाहिर निर्यात हुने गरेको छ। सुन्तलाको लागि रेसुङ्गा, धुर्कोट र छत्रकोट अब्बल छन्। कफीको जननी गुल्मीबाट अहिले दुई सय १२ मेट्रिकटन अर्थात रु दुई करोड एक लाख ४० हजार मूल्य बराबरको कफी उत्पादनमध्ये एक करोड ६५ लाखको जिल्ला बाहिर निर्यात भएको छ।

सङ्घ र प्रदेश तहका नीतिसँग अनुकूल हुने गरेर स्थानीय पोषण नीति तर्जुमा गर्ने, आवश्यक स्रोतको व्यवस्थापन गर्ने, दीर्घकालीन आवधिक तथा वार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम समावेश गर्ने, वडा तथा गाउँबस्ती पहिचान गर्ने र सोही अनुसारका क्रियाकलाप सञ्चालन गर्ने समितिको काम रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक ताराबहादुर कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार वडास्तरीय समिति पनि हुने र त्यसले पनि वडा तहबाट कार्यपालिकामा सिफारिस गर्ने काम गर्दछ। यो अभियानअन्तर्गत जिल्लाका स्थानीय तहले पूर्ण पोषणमैत्री पालिका घोषणा गर्ने योजना अघि बढाएका छन्।

# जेनजी आन्दोलन र सुरक्षा चुनौती

**धर्मराज तिमिल्सिना**

नेपाल अहिले एउटा गहिरो सामाजिक रूपान्तरणको मोडमा उभिएको छ । पुरानो पुस्ताले बनाएको राजनीतिक संरचना र नयाँ पुस्ताले कल्पना गरेको भविष्यबिच तीव्र टकराव देखिएको छ । सन् १९९७–२०१२ बिच जन्मिएको जेनजी पुस्ता डिजिटल प्रविधिसँगै हुर्किएको, विश्वका सामाजिक आन्दोलनहरूबाट प्रेरित र तत्काल परिवर्तन चाहने पुस्ता हो ।

तर नेपालमा यही पुस्ता अहिले सडकमा उभिएको छ । केवल राजनीतिक विरोधका लागि होइन, न्याय, अवसर र अस्तित्वको खोजीमा । राज्यका निकायहरू, राजनीतिक दलहरू र प्रशासनिक नेतृत्वले दशकौँको असक्षमता र भ्रष्टाचारले युवामा गहिरो असन्तोष उत्पन्न गराइसकेको छ । यही असन्तोष अहिले आक्रोशको स्वरूपमा फाट्दै गएको छ ।

हाल विश्वका विभिन्न देशहरूमा जेनजी पुस्ताका युवायुवतीहरू सामाजिक, आर्थिक र राजनीतिक अन्यायविरुद्ध सक्रिय रूपमा उभिँदै आएका छन् । नेपालमा पनि यो पुस्ताले डिजिटल माध्यम, सामाजिक सञ्जाल र सडक आन्दोलनमार्फत शासन प्रणाली, बेरोजगारी, भ्रष्टाचार, र असमानताविरुद्ध आवाज उठाउँदै आएको छ ।

नेपालमा जेनजी आन्दोलन असन्तुष्टि, बेरोजगारी, अवसरको अभाव, भ्रष्टाचार र असक्षम राजनीतिक नेतृत्वविरुद्धको प्रतिक्रियाका रूपमा विकसित भएको हो । डिजिटल युगमा हुर्किएको यो पुस्ता स्वतन्त्र सोच, द्रुत प्रतिक्रिया र परिवर्तनको तत्काल माग राख्ने स्वभावले चिनिन्छ । सामाजिक सञ्जालले आन्दोलनलाई व्यापक जनसमर्थन र गतिशीलता प्रदान गरेको थियो । तर, यो आन्दोलनले राज्य सुरक्षामा नयाँ चुनौती पनि थपेको छ ।

यो आन्दोलन अब केवल विचार र असन्तुष्टिको अभिव्यक्ति मात्र रहेन, यसले राज्य सुरक्षाको स्वरूप नै बदलिदिने चुनौती बोकेको छ । सुरुवाती चरणमा जेनजी आन्दोलन शान्तिपूर्ण नागरिक चेतनाको अभ्यास थियो । तर पछिल्ला दिनहरूमा आन्दोलन हिंसात्मक, संगठनविहीन र नियन्त्रित उद्देश्यविनाको दिशातर्फ मोडिएको देखिन्छ । कार्यालयहरूमा धम्की, तोडफोड र आगजनी, सार्वजनिक तथा निजी सम्पत्तिको लुटपाट, कैदीबन्दीहरू जेलबाट फरार, सुरक्षाकर्मीमाथि आक्रमण र उनीहरूको पोसाक तथा हतियार लुटपाट गर्ने प्रवृत्तिले लोकतान्त्रिक आन्दोलन र अराजक गतिविधिबिचको रेखा धमिलो बनाइदिएको छ ।

राजधानीदेखि जिल्लासम्म आम नागरिकहरू भयभीत छन् । सडकहरूमा चिसो सन्नाटा छ भने कर्मचारीहरू डरबिच काम गरिरहेका छन् । प्रशासनिक निर्णयमा राजनीतिक र बाह्य दबाब तीव्र बन्दै गएको छ । यो राजनीतिक असन्तुष्टि मात्र होइन, सुरक्षा व्यवस्थाको प्रत्यक्ष चुनौती बनिसकेको अवस्था हो । 'हामी आन्दोलन होइन, बाँच्नका लागि डराइरहेका छौँ' भन्छन् काठमाडौँका एक व्यापारी । यो अवस्था सामान्य राजनीतिक असन्तोषबाट माथि उक्लिसकेको आभास हुन्छ । यो राज्यप्रतिको अविश्वासको गहिरिँदो मनोवैज्ञानिक सङ्केत हो ।

नेपालको भूराजनीतिक अवस्थाले यहाँका आन्तरिक उतार-चढावमा अन्तर्राष्ट्रिय शक्ति र गैर-सरकारी संस्थाहरूको प्रभावलाई अनदेखा गर्न सकिने अवस्था छैन । विदेशी फन्डिङमार्फत युवामाझ असन्तुष्टि बढाउने 'सूक्ष्म हस्तक्षेप' को शङ्का बलियो हुँदै गएको छ । यसबिच राज्यका आन्तरिक सुरक्षा संयन्त्रहरूबिच समन्वय अभाव छ ।

युवाहरूको मागलाई सुधारका माध्यमबाट सम्बोधन गर्नुपर्नेमा, सरकारले दमनको बाटो रोजेको देखियो । प्रतिपक्षी दलहरूले आन्दोलनलाई आफ्नो राजनीतिक लाभमा प्रयोग गर्न खोजेपछि अवस्था फेरिएकै हो । यसले सुरक्षाकर्मीहरूलाई पनि दोहोरो दबाबमा परेको थियो । तर आन्दोलनलाई सकारात्मक रूपमा हेर्दा यसले लोकतान्त्रिक चेतनाको वृद्धि गरेको छ ।

युवाहरूले शासन र नीति निर्माण प्रक्रियामा सक्रिय सरोकार देखाउँदै उत्तरदायित्वको माग गरेका छन् । यसले राज्यका निकायहरूलाई जवाफदेही बनाउन दबाब सिर्जना गरेको छ । यसका साथै, सामाजिक न्याय र पारदर्शिताको अभियान अघि बढेको तथा समान अवसर र सुशासनको चाहना बढेको देखिन्छ । तर, राजनीतिक नेतृत्व अहिले नैतिक सङ्टमा छ ।

आन्दोलनले लोकतान्त्रिक अभ्यासलाई सशक्त बनाए पनि राज्यका लागि यसले सुरक्षा चुनौतीहरू खडा गरेको छ । जेनजी पुस्ता प्रविधिमै जन्मेको पुस्ता हो र अहिले सामाजिक सञ्जाल उनीहरूको आक्रोश फैलाउने मुख्य हतियार बनेको छ । साइबर आक्रमण, ह्याकिङ र गोपनीयता भङ्गका साथै घृणा फैलाउने अभियान तीव्र बनेको छ । सरकारी वेबसाइटहरूमा साइबर आक्रमण बढेका छन्, जसले प्रशासनिक तथ्याङ्क र संवेदनशील सूचना जोखिममा पारेको छ ।

'डिपफेक' भिडियो र गलत सूचना प्रयोग गरी नागरिकलाई भड्काउने प्रवृत्ति देखिएकाले डिजिटल सुरक्षा चुनौती थपिएको हो । यसमाथि तत्काल नियन्त्रण कायम गर्न सकिएन भने यो डिजिटल विद्रोह राज्य स्थायित्वको गहिरो सङ्टमा परिणत हुन सक्छ । तसर्थ, राज्यले सामाजिक सञ्जाल र साइबर चुनौतीलाई समयमै गम्भीरता साथ लिनुपर्ने देखिन्छ । सामाजिक सञ्जाल आन्दोलनको नयाँ युद्धभूमि मात्र होइन, यो राष्ट्रको सूचना सार्वभौमिकतामाथिको सङ्कटका रूपमा पनि देखा परेको छ ।

यसका साथै राजनीतिक दलहरूले युवाको ऊर्जालाई आफ्नो स्वार्थका लागि प्रयोग गर्न सक्ने जोखिम पनि प्रबल छ भने सामाजिक ध्रुवीकरण बढ्ने सम्भावना पनि उत्तिकै छ ।

वर्तमान अवस्थाले नेपालको सुरक्षा संयन्त्रलाई बहुआयामिक सङ्टमा पुऱ्याएको छ । सार्वजनिक सुरक्षाको अभाव छ, प्रशासनिक निकायहरू धम्की र तोडफोडको भयमा छन्, साइबर आतङ्क छ । सूचना समन्वयको कमी, प्रहरी, सेना, प्रशासन र खुफिया निकायबिच कमजोर तालमेल तथा विश्वसनीय संवादको अभाव देखिन्छ । प्रहरीहरू निरन्तर आक्रमणको जोखिममा छ र कानुनको कार्यान्वयन गर्ने संस्थाकै संरक्षण न्यून छ ।

अबको चुनौती केवल आन्दोलन रोक्ने मात्र होइन, राज्य र नागरिकबिच विश्वास पुनर्स्थापित गर्ने हो । यसका लागि निम्न कदमहरू चालिनु पर्छ । पहिलो, राजनीतिक दल तथा युवाहरूसँग सरकारको प्रत्यक्ष संवाद स्थापित गर्दै संवादलाई संस्थागत गर्नुपर्छ । दोस्रो, डिजिटल सुरक्षा र झुटो सूचना नियन्त्रण गर्न राष्ट्रिय साइबर डिफेन्स कमान्ड स्थापना गर्नुपर्छ । तेस्रो, आईएनजीओ र विदेशी सहयोगलाई नियमन गर्न दूतावास तथा विदेशी संस्थाका परियोजनामा पारदर्शिताको सुनिश्चितता गर्न ठोस कदम चाल्नुपर्छ ।

चौथो, युवाहरूलाई रोजगारमा जोड्नका लागि दीर्घकालीन योजना, उद्यमशीलताको विकास गर्न राज्यले लगानी गर्नुपर्छ । पाँचौं, सार्वजनिक सम्पत्ति र कर्मचारी सुरक्षाका लागि स्थानीय प्रशासन, प्रहरी र समुदायबिच संयुक्त सुरक्षा संयन्त्र निर्माण गर्नुपर्छ । छैटौं, समाजमा शान्ति सुरक्षा कायम गर्नका लागि प्रहरीको आत्मबल बढाउन भूमिका खेल्नुपर्छ ।

जेनजी आन्दोलन केवल विरोध मात्र होइन, यो परिवर्तनको सङ्केत हो । देशका संस्थाहरूले दशकौँदेखि गरेको बेवास्ताको प्रतिफल हो यो । यसले पुराना संरचनामाथि प्रश्न उठाउँदै नयाँ विचार र नेतृत्वको आवश्यकता औँल्याएको छ । राज्यले यसलाई विद्रोहका रूपमा नभई संरचनात्मक सुधारको अवसरका रूपमा लिनु जरुरी छ । त्यसैले असन्तुष्ट आवाजलाई आतङ्कका रूपमा व्याख्या गर्ने गल्ती दोहोऱ्याउनु हुँदैन ।

अब आवश्यक छ– सन्तुलित दृष्टिकोण, सहयोगात्मक शासन र सुरक्षात्मक स्थायित्व । राज्यले युवालाई आतङ्कारी होइन, परिवर्तनका साझेदारका रूपमा हेर्न जरुरी छ । युवाले पनि बोध गर्नुपर्छ– परिवर्तन हतियारले होइन, विचार, संवाद र जिम्मेवार आन्दोलनले मात्र सम्भव तुल्याउँछ ।

रातोपाटीबाट

# तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार : गृहमन्त्री

काठमाडौँ, ४ मङ्सिर (रासस) ।

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार भएको बताउनुभएको छ । बिहीबार गृह मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले निर्वाचनका लागि आवश्यक तयारीका लागि सबै निकायलाई उच्च प्रतिबद्धताका साथ जुट्न निर्देशन दिनुभयो ।

जेनजी आन्दोलनपछि उत्पन्न अवस्था र जनभावनालाई दृष्टिगत गर्दै सेवा प्रदायक निकायले आफ्नो काम कारबाही छिटोछरितो बनाउने, प्रक्रियालाई सरलीकृत गर्ने तथा सेवालाई सकेसम्म विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाउन उहाँले निर्देशन दिनुभयो । "सेवाग्राहीले अनावश्यक झन्झट व्होर्नु नपर्ने गरी काम गर्न सबै निकायलाई निर्देशन गर्दछु", मन्त्री अर्यालले भन्नुभयो ।

आगामी निर्वाचनका लागि आवश्यक बजेट तथा कार्यक्रम सहज रूपमा उपलब्ध गराएकोमा मन्त्री अर्यालले अर्थ मन्त्रालयलाई धन्यवाद दिनुभयो । समीक्षा क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सङ्घीय मामिला मन्त्रालयले दिएको सुझावलाई मनन गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

मन्त्री अर्यालले मन्त्रालय मातहतका निकायले वार्षिक कार्ययोजना, 'माइलस्टोन' तथा आन्तरिक प्रगतिलाई नियमित समीक्षा गर्दै लक्ष्यअनुरूप परिणाम हासिल गर्नेगरी काम गर्न मन्त्री अर्यालले निर्देशन गर्नुभयो ।

सेवा प्रदायक निकायले एउटै विवरण बारम्बार माग्ने प्रथाको अन्त्य गर्न, राष्ट्रिय परिचयपत्र प्रणालीलाई अन्य निकायसँग क्रमशः आबद्ध गर्नुपर्नेमा उहाले जोड दिनुभयो ।

त्यस अवसरमा गृह सचिव रामेश्वर दङ्गालले सुशासन र पारदर्शितालाई कार्यसम्पादनको मूल आधार बनाई काम गर्न मातहतका सबै निकायलाई निर्देशन दिनुभयो । विशेषगरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सेवाबाट गृह मन्त्रालयको कार्यसम्पादन झल्किने भएकाले त्यसलाई अझ प्रभावकारी बनाउन सचिव दङ्गालले जोड दिनुभयो ।

सहसचिव तथा मूल्याङ्कन महाशाखा प्रमुख सुरेश पन्थीले चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म गृह मन्त्रालयको वित्तीय प्रगतिबारे जानकारी दिनुहुँदै चालु खर्चतर्फ २० दशमलव ९२ प्रतिशत र पुँजीगत खर्चतर्फ १० दशमलव ६५ प्रतिशत प्रगति हासिल भएको प्रस्तुत गर्नुभयो ।

## विश्व समाचार

### अफगानिस्तानमा डेङ्गुको उच्च जेखिम : डब्ल्यूएचओ

काबुल (अफगानिस्तान), ४ मङ्सिर (रासस/एएनआई) ।

विश्व स्वास्थ्य सङ्गठनले पूर्वी अफगानिस्तानमा डेङ्गुको उच्च जोखिम रहनुका साथै डेङ्गु सङ्क्रमितहरुको सङ्ख्या उल्लेखनीय रुपमा वृद्धि भएको रिपोर्ट गरेको छ । नोभेम्बरमा मात्र एक हजार भन्दा बढी डेङ्गुका घटनाहरू रेकर्ड गरिएको द खामा प्रेसले रिपोर्ट गरेको छ । विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदन अनुसार तुलनात्मक रुपमा गत महिना देखि नङ्गरहार प्रान्तमा डेङ्गुका घटनाहरूको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ । यसैबीच, पन्जाबका विभिन्न क्षेत्रमा डेङ्गुको उच्च जेखिम रहेको छ भने मुल्तान र फैसलाबादले सबै भन्दा चिन्ताजनक अवस्थाको सामना गरिरहेको बताइएको छ । दक्षिण पन्जाबका चिकित्सा कार्यकर्ताहरूले पछिल्लो हप्ताहरूमा डेङ्गुका बिरामीहरूको सङ्ख्या लगभग दस गुणा बढेको पुष्टि गरेका छन् । मुलतानका प्रमुख सरकारी अस्पतालहरूमा डेङ्गुका कारण कयौं बिरामीको मृत्यु भएको चिकित्सक र वरिष्ठ जनस्वास्थ्य विज्ञहरूले बताएका छन् ।

### पाकिस्तानी सेनाद्वारा अफगान सीमा क्षेत्रमा २३ जना आतङ्ककारीको हत्या

इस्लामाबाद (पाकिस्तान), ४ मङ्सिर (रासस/एएफपी) ।

पाकिस्तानी सेनाले अफगान सीमा क्षेत्रमा गरेको दुई वटा आतङ्कारी लक्षित कारवाहीमा २३ जना आतङ्कारीहरूको मृत्यु भएको जनाएको छ । आतङ्कवादीहरू पाकिस्तानी तालिबान वा यसका सम्बद्ध समूहहरूका भएको सेनाले विज्ञप्तिमा मार्फत जनाएको छ । "पाकिस्तानले देशबाट विदेशी प्रायोजित र समर्थित आतङ्कवादको खतरा हटाउन सम्पूर्ण प्रयास जारी राख्नेसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ । इस्लामावादले नियमित रूपमा काबुललाई आतङ्कवादी समूहहरू, पाकिस्तानमा घातक आक्रमण गर्ने तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) लाई शरण दिएको आरोप लगाउँदै आइरहेको छ । पाकिस्तानले पछिल्लो समयमा भारतले पनि आतङ्कवादी समूहहरूलाई समर्थन गरेको दाबी गर्दै आएको छ भने दुवै छिमेकीले कुनै पनि आतङ्कवादी संलग्नतालाई अस्वीकार गरेका छन् । पाकिस्तानले अफगानिस्तानबाट योजना बनाएको भन्दै गत हप्ता इस्लामाबादको अदालत बाहिर भएको आत्मघाती बम विस्फोटमा १२ जनाको मृत्यु तथा दर्जनौं घाइते भएपछि छापा मारेको जनाइउको छ । यद्दपी आक्रमणको जिम्मेवारी भने पाकिस्तानी तालिबानको एउटा समूहले लिएको छ । पछिल्लो समयमा पाकिस्तान र अफगानिस्तानबीचको सम्बन्ध चिस्सियको छ भने गत महिना सीमापार झडपले खराब लडाईं निम्त्याएको छ । एक हप्तासम्म चलेको द्वन्द्वमा दुवै पक्षका ७० जना भन्दा बढी मानिस मारिएका छन् । हाल दुई देशका आपसी सीमाहरु बन्द भएका छन् । अन्ततः दुई दक्षिण एसियाली छिमेकीहरू युद्धविराममा सहमत भए पनि सर्तहरू पालना गर्नमा आएका गतिरोधका लागि एक-अर्कालाई दोषारोपण गर्दै आएका छन् ।

### गाजामा ४० हजार बालबालिकालाई खोप दिने डब्लुएचओको लक्ष्य

जेनेभा, ४ मङ्सिर (रासस/एएफपी) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गाजा पट्टीमा हाल कायम रहेको युद्धविरामको अवसर उपयोग गर्दै ४० हजारभन्दा बढी बालबालिकालाई विभिन्न सङ्क्रामक रोगविरुद्ध खोप दिने महत्त्वाकांक्षी लक्ष्य राखेको छ । सङ्गठनका उच्चाधिकारीहरूले यस अभियानले गाजाको गम्भीर रूपमा कमजोर बनेको स्वास्थ्य प्रणालीलाई राहत पुग्ने अपेक्षा व्यक्त गरेका छन् ।

डब्लुएचओ र यसका साझेदार संस्थाहरूले नोभेम्बर ९ देखि सुरु गरिएको खोप अभियानको प्रारम्भिक चरणमा पहिलो आठ दिनभित्र तीन वर्षमुनिका १० हजारभन्दा बढी बालबालिकालाई खोप दिन सफल भएको जानकारी दिए । डब्लुएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससका अनुसार अभियानको पहिलो चरण शनिबारसम्म विस्तार गरिएको छ र यसमार्फत बालबालिकालाई दादुरा, गलफुलो, रुबेला, डिप्थेरिया, टिटानस, लहरे खोकी, हेपाटाइटिस बी, क्षयरोग, पोलियो, रोटाभाइरस तथा निमोनियाजस्ता गम्भीर रोगहरूबाट जोगाउने लक्ष्य राखिएको छ ।

अभियानको दोस्रो र तेस्रो चरण क्रमशः डिसेम्बर र जनवरी महिनामा सञ्चालन हुने तय गरिएको छ । यी अभियानलाई युनिसेफ, संयुक्त राष्ट्र शरणार्थी सहायता संस्था (युएनआरडब्लुए) तथा हमासको नियन्त्रणमा रहेको गाजाको स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा अघि बढाइनेछ ।

महानिर्देशक गेब्रेयससले युद्धविरामले निरन्तरता पाइरहेको देखेर आफू प्रोत्साहित भएको बताउँदै यसले डब्लुएचओ तथा साझेदारहरूलाई गाजामा आवश्यक स्वास्थ्य सेवा विस्तार गर्न तथा ध्वस्त भइसकेको स्वास्थ्य पूर्वाधारको पुनःउपकरण र पुनर्निर्माणमा सहयोग पुऱ्याउन सहज भएको उल्लेख गर्नुभयो ।

यसैबीच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित योजनालाई समर्थन जनाउँदै मतदान गरेको थियो । सो योजनाले इजरायल र हमासबीच गत अक्टोबर १० मा लागू भएको युद्धविराम कायम राख्न सघाएको बताइन्छ । सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा इजरायलमा गराइएको रक्तपातपूर्ण आक्रमणपछि सुरु भएको दुई वर्षभन्दा लामो शत्रुताले गाजालाई अत्यन्त क्षतिग्रस्त बनाएको छ । उक्त आक्रमणमा एएफपीद्वारा सङ्कलित आधिकारिक तथ्याङ्कअनुसार एक हजार २२१ जना इजरायली नागरिकको मृत्यु भएको थियो, जसमा अधिकांश सामान्य नागरिक थिए ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणको प्रतिक्रियामा हालसम्म ६९ हजार ५०० भन्दा बढी प्यालेस्टिनी नागरिकले ज्यान गुमाएका छन् । मन्त्रालयले मृतकमध्ये कति लडाकू थिए भन्ने खुलाएको छैन, तर आधाभन्दा बढी मृत्यु हुनेहरू महिला र बालबालिका रहेको सङ्केत गरेको छ । संयुक्त राष्ट्रसङ्घले यी तथ्याङ्कलाई भरपर्दो मानिएको जनाएको छ ।

# नेकपा र जसपाको एकता वार्ता निर्णायक दिशामा

काठमाडौँ, ४ मङ्सिर (रासस)।
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा) बीचको एकता वार्ता निर्णायक दिशातर्फ अगाडि बढेको छ।

नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा जारी वार्ता सकारात्मक मोडमा अघि बढेको वार्तामा सहभागी नेकपाका नेता देव गुरुङले जानकारी दिनुभयो।

वार्तामा नेकपाका तर्फबाट गुरुङसहित नेताहरू प्रमेश हमाल, वेदुराम भुसाल, गिरिराजमणि पोखरेल, शक्ति बस्नेत, प्रकाश ज्वाला सहभागी हुनुहुन्छ। जसपा नेपालका तर्फबाट नेताहरू राजेन्द्र श्रेष्ठ, रेणु यादव , रणध्वज कन्दङ्वा, परशुराम बस्नेतलगायत सहभागी हुनुहुन्छ।

विभिन्न १२ वाम घटक मिलेर नेकपा बनेसँगै अशोक राई नेतृत्वको जसपासँग लगातार एकता वार्ता चलिरहेको नेकपा कार्यालयका मुख्यसचिव गणेशमान पुनले जानकारी दिनुभयो। वार्तामा सहभागी अर्का नेता प्रकाश ज्वालाले सैद्धान्तिक, प्राविधिक र सङ्गठनात्मक विषयमा घनिभूत छलफल गरी चाँडै निष्कर्षमा पुगिने बताउनुभयो।

# झुम्का कारागारका ५ सय ५६ कैदी अझै फरार

विराटनगर, ४ मङ्सिर (रासस)।
कोशी प्रदेशको झुम्कास्थित कारागारका ५५६ जना कैदीबन्दी अझै फरार रहेको कारागार प्रशासनले जनाएको छ। जेनजी आन्दोलनको दोस्रो दिन भदौ २४ गते ठूलो सङ्ख्यामा आएका जमातले कारागारमा तोडफोड र आगजनी गर्ने प्रयास गरेको थियो।

कारागारका प्रशासनको होसियारीले कारागारमा आगजनी हुन सकेन तर सो समयमा रहेका एक हजार ७९६ कैदी भने भाग्न सफल भएका थिए। सो दिन तीन जना कैदी बिरामी भएका कारण अस्पतालमा रहेको कारागार प्रमुख सुवास लामिछानेले जानकारी दिनुभयो।

फरार सबै कैदीमध्ये केही आफै फर्केर आएका थिए भने केहीलाई विभिन्न स्थानबाट पक्राउ गरिएको थियो। फरार रहेका ५५६ कैदीबन्दीको व्यापक खोजतलास भइरहेको प्रमुख लामिछानेले बताउनुभयो।

# संयमता अपनाउन संयोजक दाहालको आग्रह

काठमाडौँ, ४ मङ्सिर (रासस)।
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको सिमरामा भएको विरोध प्रदर्शनलाई थप हिंसात्मक तथा नियन्त्रणबाहिर जान दिन सबै पक्षलाई संयमता अपनाउन अनुरोध गर्नुभएको छ।

लोकतन्त्रमा राजनीतिक तथा वैचारिक मतभिन्नता हुनु स्वाभाविक हो भन्नुहुँदै उहाँले सिमाराको घटनालाई हिंसा वा उत्तेजनामा रुपान्तरण गर्नु लोकतान्त्रिक संस्कृति नभएको बताउनुभएको छ।

"राजनीतिक तथा वाक-स्वतन्त्रताको सम्मान गर्दै राजनीतिक दल र दलका नेतालाई निर्वाधरूपमा हिड्डुल गर्ने, सभा-सम्मेलन गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउँदछु", संयोजक दाहालद्वारा जारी वक्तव्यमा उल्लेख छ।

यसैगरी घोषित निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन कुनै पनि घटनाले नकारात्मक प्रभाव नपारोस् भन्ने विषयमा सचेत र जिम्मेवार बन्न सम्बद्ध सबै पक्षसँग उहाँले आग्रह गर्नुभएको छ। मुलुकमा विकसित घटनाक्रम र परिस्थितिलाई सामान्य बनाउने सन्दर्भमा आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्न स्थानीय पार्टी समितिलाई संयोजक दाहालले निर्देशन दिनुभएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय**
राजविराज,सप्तरी

च.नं. २०८९
प.सं. २०८२/०८३

Email: saptari@dolma.gov.np

मिति :-२०८२/०७/२४ ।

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा जिल्ला सप्तरी गा.वि.स. छिन्नमस्ता वडा नं. ८ हाल परिवर्तित छिन्नमस्ता गाउँपालिका वडा नं. २ बस्ने भागवत खँगकी छोरी बेचन खँगको पत्नी श्रीमती संझा देवीले यस कार्यालयमा द.नं. २५६८ मिति २०८२/०६/०२ गतेमा माग निवेदन बमोजिम जिल्ला सप्तरी गा.वि.स. सखडा वाड नं. ९ख कि.नं. २२१ ज.वि. ०-५-१८ र.नं. १०४३८ मिति २०७१/११/२७ को पारित राजिनामाले कित्ताकाट भई कि.नं. २७८ को ज.वि. ०-२-० जग्गाको धनी संझा देवीले जग्गाधनि प्रमाण पुर्जा समेत लिई सकेको तर हाल मोठ श्रेष्तामा श्रेष्ता फेला नपरेको भनि मोठ फाँटबाट मोठ समेत भिडी आएकोले उक्त जग्गाको श्रेष्ता कायम गरि दा.खा. नामसारी गर्न हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक' सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा श्रेष्ता कायम दा.खा. नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम श्रेष्ता कायम दा.खा. नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

<u>तपसिल:-</u>

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| सखडा | ९ख | २७८ | ०-२-० | संझा देवी | यो जग्गाको मोठ श्रेष्ता खोज तलास गर्दा फेला नपरेको जग्गा धनी प्रमाण पुर्जा र पारित लिखत सक्कल पेश भएको । |

# जिल्लास्तरिय बिधालय क्रिकेट लालीगुराँस र रायपुर बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**
सप्तरी क्रिकेट संघको समन्वयमा तथा सबल नेपालद्वारा आयोजित जिल्ला स्तरिय अन्तरबिद्यालय क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीबार सम्पन्न पहिलो खेलमा लालीगुराँस माबि र कन्छुनरप्रताप माबि रायपुर बिजयी भएको छन्।

राजविराजस्थित पबिमाबि क्रिकेट मैदानमा लालीगुराँसले पहिलो खेलमा नरेन्द्र माबिलाई ८ बिकेटले पराजित गर्दै लालीगुराँस माबि बिजयी भए भने दोस्रो खेलमा केअ माबिलाई १० बिकेट पराजित गर्दै कन्छुनरप्रताप माबि रायपुर बिजयी भएका हुन्।

पहिलो खेलमा टस जितेर लाली गुराँसले नरेन्द्र माविलाई ब्याटिङ गर्न दिएपछि १३ ओभरमा सबै बिकेट क्षतिमा ८२ रनको योगफल खडा गरेको थियो। जसमा सन्दिप मण्डल १३ रन बनाएका थिए। बलिङतर्फ लालीगुरासका चन्दन दास ४ बिकेट, साहिद आलम, मोहम्मद तवाकरले समान्य ३/३ बिकेट लिएका थिए।


जवाफमा लालीगुरासले ८ ओभर २ बलमा दुई बिकेट गुमाएर बिजयी भयो। जसमा ओम चौधरीले ४० रन बनाएका थिए भने कृष्ण यादवले २० रन जोडेका थिए। बलिङतर्फ नरेन्द्र माविका मनिष यादब र कौशल दासले समान १/१ बिकेट लिएका थिए। खेलको प्लेयर अफ दि म्याच लालीका चन्दन दास घोषित भएका सबल नेपालका राहुल सिँहले जानकारी दिए।

यसैगरी दोस्रो खेलमा टस जितेर कन्छुनरप्रताप माबि रायपुरले ९ ओभर ३ बलमा सबै बिकेट गुमाएर ५९ रनको योगफल खडा गरेको थियो। जसमा कृष्ण कुमार यादबले १२ रन बनाएका थिए।

बलिङतर्फ केअ माबि राजबिराजका लक्ष्मण बिकले उत्कृष्ट बलिङ गर्दै ३ ओभरमा ११ रन खर्चेर ४ बिकेट हात पारेका थिए भने राम बिक र रूपेश रामले समान २/२ बिकेट तथा रन्जित यादबले १ बिकेट लिएका थिए।

जवाफमा ६० रनको लक्ष्य लिएका केअ माविले ५ ओभरमा कुनै पनि बिकेट नगुमाई जित हात पारेको हो। टिमका लागि शिव अधिकारी र लक्ष्मण बिकले अविजित रहदै पारी खेलेपछि जित सहज भएको हो। शिव अधिकारीले ३६ रन र लक्ष्मण बिकले १० रन बनाएका थिए।

उक्त अवसरमा राजबिराज नगरपालिका वडा ५ का वडा अध्यक्ष बन्धुलाल दासले खेलको प्लेयर अफ दि म्याच रायपुरका लक्ष्मण बिकलाई कप प्रदान गरेका थिए।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*